बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०५ संख्या : १६ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/२६

## बैजनाथ गाउँपालिकास्तरमा संचालनमा रहेका मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्यूनतम मापदण्ड तथा अनुगमन निर्देशिका–२०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१२/१३
गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१२/२०

**प्रस्तावनाः**

मनोरञ्जन तथा सत्कार सेवा (डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाजपार्लर, डान्स वार, क्याविनरेस्टुरेन्ट, होम स्टे, कटेज, खाजा घर, होटल रेष्टुरेन्ट, स्थानिय हाट बजार, पिकनिक स्थल, फन पार्क र व्यापार मेला, आदि) व्यवसाय दिनानुदिन बढ्दै गईरहेको छ र यहाँ हाजारौ श्रमिकहरुले रोजगारीको थलो बनाईरहेका छन । सजिलैसंग काम पाउने यस क्षेत्रमा युवा र किशोर किशोरी कामदारहरुको संख्या बढि रहेको छ । यसरी लाखौ श्रमिकहरुको रोजीरोटीको थलो यो क्षेत्रले आन्तरिक तथा बाह्य पर्यटनहरु भित्र्याई पर्यटकीय विकासमा टेवा पुर्यायाउने, देशको कला र संस्कृतिको जर्गेना गर्ने साथै राष्ट्रिय कलाकारहरुको उत्पादनमा र देशको विकास र अर्थतन्त्रमा टेवा पुर्याउदै आएको छ ।

यति धेरै महत्व बोकेको र देशमा व्यापक मात्रामा श्रम ओगटेको यो क्षेत्र व्यवस्थित रुपमा संचालन भएको पाइदैन ।जहाँ यस क्षेत्रसंग सम्वन्धित नीति नियमहरु पनि प्रभावकारी रुपमा लागू भएको छैन र श्रमिकहरुको प्रयाप्त संरक्षणको अभाव रहेको पाईन्छ ।

यही परिवेशमा मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका व्यवसायहरुलाई कानूनको दायरा भित्र ल्याई व्यवस्थित र मर्यादित बनाउन तथा त्यस्ता व्यवसायहरुमा संलग्न श्रमजिवी महिला/पुरुष तथा अन्य श्रमिकहरुको व्यावसायिक सुरक्षाको प्रत्याभूति गर्दै जीवनयापनलाई सरल, सहज र प्रतिष्ठित बनाउन तथा प्रचलित अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनहरुद्वारा महिला तथा अन्य कामदारहरुलाई प्रदत्त अधिकार व्यवहारिक रुपमा लागू गर्न वाञ्छनीय भएको तथा यस्ता कार्यस्थलमा हुने श्रमजीवि महिलाहरुप्रति यौन उत्पीडन नियन्त्रण गर्न सर्वोच्च अदालतबाट मिति २०६५।८।१३ मा जारी गरिएको श्रमजीवि महिलाहरुप्रति डान्स रेष्टुरेण्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्ने सम्बन्धि निर्देशिका २०६५ साथै निर्देशनात्मक आदेशको भावना अनुकुल हुने गरी कार्यस्थलमा यौनजन्य दुव्र्यवहार नियन्त्रण ऐन, २०७१ को दफा २१ (१) मा र श्रम ऐन २०७४ मा समेत नेपाल सरकारले नियम तथा आचार संहिता बनउने प्राबधान रहेको छ । उल्लेखित प्राबधानलाइ प्रभाबकारी बनाउन बैजनाथ गाउपालिकाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थीत, व्यवसायिक र नियमबद्ध रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम 'मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्यूनतम मापदण्ड तथा अनुगमन निर्देशिका २०७८' जारी गरिएको छ ।

## परिच्छेद १ : प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस मापदण्ड तथा निर्देशिकाको नाम 'मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्युनतम मापदण्ड तथा अनुगमन निर्देशिका २०७८' रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २. परिभाषा र व्याख्या

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) 'मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र' भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट, खाजा घर , होम स्टे र होटल आदि व्यवसायहरु आदिलाई सम्झनु पर्छ ।

(ख) 'श्रमिक' भन्नाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने कामदारलाई सम्झनु पर्छ ।

(ग) 'कार्यस्थल' भन्नाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र जहाँ श्रमजीवी कामदारहरुले काम गर्ने डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट र साना खाजा घर जस्ता व्यवसायहरु आदिलाई जनाउँछ।

(घ) यो न्यूनतम मापदण्ड तथा अनुगमन निर्देशिकाको हकमा 'यौन शोषण' भन्नाले कार्यस्थलमा काम गर्ने श्रमिक महिला/पुरुषहरुलाई यौन उत्तेजनामा ल्याउने वा आफू स्वयं यौन उत्तेजनामा आउने हिसावले जिस्क्याउने, बोल्ने वा कुनै प्रकारको यौन इसारा प्रदर्शन गर्ने गराउने, लगायतका सम्पूर्ण कार्यलाई जनाउँछ ।

(ङ) 'व्यवसाय सँचालक' भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट र साना खाजा घर जस्ता व्यवसायहरु आदिको संस्थापक, व्यवस्थापक वा संचालक सम्झनु पर्छ ।

(च) 'सेवाग्राही' भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट र साना खाजा घर जस्ता व्यवसायहरु आदिले प्रदान गर्ने सेवा लिन आउने व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) 'समिती' भन्नाले परिच्छेद ३ बमोजिम गठित मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी अनुगमन गर्ने समीतिलाई सम्झनु पर्छ ।

(ज) 'अध्यक्ष भन्नाले गाउपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(झ) 'उपाध्यक्ष ' भन्नाले गाउपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ञ) 'पालिका' भन्नाले बैजनाथ गाउँपालिकालाई जनाउनेछ ।

**३. न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिकाको उद्देश्य :** यस न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिकाको उद्देश्य देहाय वमोजिम हुनेछ :

(क) श्रम ऐन २०७४ अन्तर्गत मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रसँग सम्बन्धित कानुनी प्रावधानहरु लगू गर्न/गराउन र यस क्षेत्रका व्यवसायलाई नियमबद्ध रुपमा सञ्चालन गरी मर्यादित, सम्मानित र व्यवसायिक बनाउने।

(ख) कार्यस्थलमा कार्यरत श्रमिकहरुप्रति हुने भेदभाव, हिंसा र कुनै पनि प्रकारको यौन उत्पिडन, शोषण नियन्त्रण गर्ने।

(ग) व्यवसायी र श्रमिकबीच सुमधुर सम्बन्ध तथा व्यवसायिक मर्यादा कायम गरी नियमनको व्यवस्था गर्ने ।

## परिच्छेद २ : न्यूनतम मापदण्डको व्यवस्था

**४. मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थित र व्यवसायिक बनाउन, निम्न मापदण्डको अवलम्बन गर्नु पर्ने हुन्छ :**

**(१) गाउँपालिकाको हकमाः**

(क) गाउपालिकाले श्रम ऐनको प्रभावकारी कार्यन्वयन गरी स्थानीय तहमा भएका नीति नियम प्रभावकारी रुपमा लागू गर्नुपर्ने । अनैतिक तथा अमर्यादित व्यवहार गर्नेलाई कार्वाहीको दायरामा ल्याउने र जोखिममा परेका वा उद्धार गरिएका श्रमिकहरुलाई वैकल्पिक क्षमता विकासको व्यवस्था गर्नुपर्ने ।

(ख) यस सेवा क्षेत्रका श्रमिकहरुको लागि मर्यादित पेशाको व्यवस्था हुनुपर्ने र व्यवसायहरु खोल्ने र बन्द गर्नुपर्ने समय तोकिनु पर्ने ।

(ग) मनोरञ्जन क्षेत्र देशको आर्थिक मेरुदण्डको रुपमा स्थापित गर्न यो क्षेत्रको बृहद अध्ययन तथा श्रमिकहरुक तथ्याँक तयार गर्न गाउँपालिका र वडा तहमा अनुगमन निरीक्षण समितिले जिल्ला समन्वय समिती र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने । साथै तथ्यांक संकलन गरी स्थानीय तहमा दर्ता गराई श्रमिकको अवस्था बारेमा पहिचान हुनुपर्ने ।

(घ) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरुको श्रमको उच्च मुल्याङ्कन गरी श्रमिकहरुको कार्य सम्पादनको मुल्याङनका आधारमा सेवा सुविधाको निरन्तर बढोत्तरीको व्यवस्था हुनुपर्ने ।

(ङ) यस क्षेत्रको पेशाप्रति सकरात्मक सोचको विकासमा जोड दिन स्थानीय तहले गाउपालिकामा कार्य क्षेत्र भएका सम्बन्धित संघ सस्थाहरुसंग समन्वय गरी मनोरञ्जन व्यवसाय संचालकहरु र श्रमिकसंगै राखेर निरन्तर अनुशिक्षण वा तालिमको व्यवस्था गर्नुपर्ने र आम समुदायलाइ सचेतनामूलक कार्यक्रमहरुबाट सचेत गराउने

(च) यस क्षेत्रमा सामाजिक सचेतिकरण कार्यक्रमहरु हुनुपर्ने (जस्तै लैंगिक हिँसा र दुव्र्यहार न्यूनिकरण, गाउँ पालिकाको कार्ययोजनामा व्यवसायी, कामदार र समुदायसहितको चेतनामूलक कार्यक्रमहरु समावेश हुनुपर्ने)। साथै सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने ।

(छ) गाउपालिकाले आवश्यक ऐन, निर्देशिका, कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्ने र प्रभावकारी रुपमा मापदण्डको कार्यान्वयन तथा निरन्तर अनुगमन गर्नुपर्ने ।

(ज) गाउँपालिकामा मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई व्यवस्थित र मर्यादित तुल्याउने हेतु नियमित रुपमा अनुगमन तथा मुल्याङ्कन कार्यका लागी स्थानीय पालिका र वडा तहमा एक÷एक अनुगमन तथा मुल्याङ्कन समिती चयन भै तोकिएको मापदण्ड अनुसार यो क्षेत्र सञ्चालन भए/नभएको अनुगमन गर्ने ।

(झ) उक्त अनुगमन तथा निरीक्षण कार्यको अनुगमन मुल्याङ्कन संयन्त्रको व्यवस्था न्यूनतम मापदण्डमा तोकिए अनुसार हुनेछ ।

**(२) व्यवसायीको हकमा :**

(क) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका सबै व्यवसायहरु नेपाल सरकारका सम्बन्धीत निकायमा दर्ता गरी गाउँपालिकामा सूचिकृत भई नियमित रुपमा नविकरण गर्नुपर्ने ।

(ख) यस सेवा क्षेत्रमा अमर्यादित कार्य गर्न नहुने, व्यवसाय सञ्चालकले कार्यस्थलमा सुरक्षाको व्यवस्था गर्नुपर्ने (जस्तैःमर्यादा पालक/सुरक्षागार्डको व्यवस्था) र १८ वर्ष भन्दा कम उमेरका बालबालिकार्ला प्रयोग गर्न नपाइने।

(ग) व्यवसाय संचालकहरुले श्रमिकहरुलाई अनुशिक्षण÷सचेतनामुलक अभिमुखीकरण कार्यक्रम संचालन गर्ने (जस्तै श्रम ऐन र दुव्र्यवहार विरुद्धको कानुनी व्यवस्थाको बारेमा जानकारी दिने आदि) र कामको प्रकृतिको आधारमा क्षमता विकास तथा पेशागत तालिम र आवश्यकता अनुसार अन्य तालिमहरु नियमित रुपमा व्यवस्था गर्नुपर्ने। जस्तैः जीवन उपयोगी सीप तथा आत्मरक्षा तालिम आदि) तथा श्रमिकहरुको निरन्तर अनुगमन र गुनासो सुनुवाई हुनुपर्ने ।

(घ) व्यवसाय संचालकहरुले श्रमिक छनौटमा उपयुक्त प्रक्रिया अपनाउनु पर्ने, योग्यता अनुसारको पारिश्रमिक र समान कामको समान ज्याला दिलाउनुपर्ने, श्रमिकहरुको नागरिकताको व्यक्तिगत विवरण अनुसार सबै श्रमिकलाई अनिवार्य रुपमा करार पत्र या नियुक्ति पत्र दिनुपर्ने, उपयुक्त पोशाकको व्यवस्था हुनुपर्ने, श्रमिकलाई परिचय पत्रको व्यवस्था हुनुपर्ने, श्रमिकहरुको स्वास्थ्य र जोखिम विमा हुनुपर्ने र श्रमिक र सेवाग्राहीहरुको दुरुस्त अभिलेखिकरण राख्नुपर्ने, नेपाल सरकारले तोकेको प्रणाली अनुसार न्युनतम पारिश्रमिक लैंगिक समानताका आधारमा पारदर्शिरुपमा पारिश्रमिक प्रदान गर्ने व्यवस्था हुनुपर्न्ने र सो पारिश्रमिक बैंक प्रणालीबाट उपलब्ध गराउनु पर्ने ।

(ङ) व्यवसाय संचालनका क्रममा श्रमिकहरुको कामको समयावधि तोकिनुपर्ने र कार्यस्थलमा श्रमिकहरुलाई धुम्रपान, लागू औषध तथा मादक पदार्थ सेवन गराउन नपाइने ।

(च) श्रम ऐन अनुसार समान पारिश्रमिक, नियमपूर्वक प्रसुति विदा, विरामी विदासहित अन्य विदाहरु दिनुपर्ने र श्रम ऐन २०७४ ले रोजगारदाता र श्रमिकहरुलाई दिएको अधिकार प्रयोग गर्ने ।

(छ) व्यवसाय संचालकहरुले प्यान तथा भ्याट विल अनिवार्य प्रयोग गर्ने ।

(ज) महिला श्रमिकहरुको हकमा बाल बच्चा भएको खण्डमा सुरक्षित कोठामा बच्चालाई स्तनपान गराउने व्यवस्था मिलाउनुका साथै कार्यस्थलमा काम गर्दा राति ढिला भए श्रमिकहरुलाई कार्यस्थलबाट बास स्थानसम्म पुरयाउने गाडीको व्यवस्था हुनुपर्ने ।

(झ) श्रमिकहरुको नागरिकता नभएको खण्डमा सरकारी निकाय तथा सम्बन्धित संघ सस्थाहरुसंग समन्वय गरी कार्यस्थलमा निरन्तर काम गर्न र गराउन सहजिकरण गर्ने ।

(ण) आन्तरिक तथा बाह्य बेचविखनको सम्भावना भएको कारण यस मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा आउने सेवाग्राहीहरुप्रति सञ्चालक स्वयंम सजग हुने र मानव बेचविखन तथा ओसार पसारको सम्बन्धमा श्रमिकहरुलाई सजग गराउने ।

(ट) कार्यस्थल र कार्य सम्पादन लगायत मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई थप व्यवसथित र मर्यादित बनाउने बिषयमा व्यवसाय संचालक तथा श्रमिकहरुबीच नियमित छलफ्ल तथा बैठक बस्नुपर्ने । साथै लैंगिक हिंसा र र्दुव्यवहार न्यूनिकरणका लागि पूर्ण प्रतिबद्ध रहने ।

(ठ) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरुको श्रमको उच्च मुल्याङ्कन गरी श्रमिकहरुको कार्य सम्पादनको मुल्याङकनका आधारमा सेवा सुविधाको निरन्तर बढोत्तरीको व्यवस्था हुनुपर्ने ।

(ड) सम्बन्धित संस्था वा व्यवसायीले श्रमिक समेतका लागि पोशाक एवं शुरक्षाका सामाग्री समेतको व्यवस्था गर्नुपर्ने ।

**(३) सेवाग्राहीको हकमा :**

(क) श्रमजीवि महिला/पुरुषप्रति सम्मानजनक व्यवहार गर्ने र उनीहरुको मर्यादामा आँच पुग्ने कुनै पनि काम, व्यवहार गर्न नहुने ।

(ख) आर्थिक प्रलोभन दिई वा नदिई श्रमजीवि महिला÷पुरुषहरुलाई यौन सम्वन्ध स्थापित गर्न वाध्य पार्न नहुने ।

(ग) श्रमजीवी महिला/पुरुषसँग बसी कार्यस्थलमा धुम्रपान, मदिरा तथा कुनै प्रकारका लागु पदार्थको सेवन गर्न गराउन बाध्य पार्न नहुने ।

(घ) मादक पदार्थ सेवन गरी हो हल्ला गर्न एवं श्रमिक महिला/पुरुषप्रति अभद्र व्यहार गर्न नहुने ।

(ङ) पद र शक्तिको प्रयोग गरी श्रमिकहरुप्रति गाली, डर, धम्की र आश्वासन नदेखाउने ।

(च) कुनै पनि अस्लिल चित्र वा भिडियो देखाई यौन उत्तेजना ल्याउने र यौन प्रस्ताव गर्न नहुने ।

**(४) श्रमिकको हकमा :**

(क) कार्यस्थलमा आफ्नो नाम थर र वतनसहितको वैयक्तिक विवरण प्रस्तुत गर्नुपर्ने छ ।

(ख) सेवाग्राही वा व्यवसायीेबाट आफुमाथि कुनै किसिमको मौखिक, शारीरिक, मानसिक दुव्र्यवहार, यौन सम्वन्धी छेडखानी वा यौन हिँसा हुन नदिन सदैव सचेत रहने र यदि भएमा तुरन्त प्रहरी प्रशासन, सहयोगी संस्था वा निकायमा उजुरी गर्ने ।

(ग) पारिश्रमिक नदिई काममा लगायमा प्रहरी प्रशासन, सहयोगी संस्था वा निकायमा उजुरी गर्ने ।

(घ) सेवाग्राही वा व्यवसायीसँग बसी धुम्रपान, मदिरा वा कुनै प्रकारका लागु पदार्थको सेवन गर्न नहुने ।

(ङ) सम्बन्धित संस्था वा व्यवसायीले व्यवस्था गरेको पोशाक एवं सुरक्षा सामग्री समेतको प्रयोग गर्नुपर्ने ।

(च) अनुशासित र इमानदारीताको साथ आफ्नो जिम्मेवारी पूरा गर्ने र श्रमिकको हक अधिकारको विषयमा जानकार र सचेत हुदै श्रमिक संगठिकरणमा सक्रिय हुने ।

(छ-) आफ्नो क्षमता विकासमा जिज्ञासु, मिहेनती र सक्रिय हुने ।

## परिच्छेद ३ : पालिका स्तरिय अनुगमन तथा निरीक्षण समितीको व्यवस्था

**५.** मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थीत र व्यवसायिक बनाउन, निम्न अनुगमन तथा निरिक्षण बिधीहरुको अवलम्बन गर्नुपर्ने हुन्छ ।

(१) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको पालिकास्तरीय अनुगमन तथा निरीक्षण समिती

क. गाउँपालिका प्रमुख वा उपप्रमुख — संयोजक

ख. गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ग. स्वास्थ्य शाखा प्रमुख — सदस्य

घ. गाउपालिकाभित्रको स्थानीय प्रहरी कार्यालय/ प्रहरी चौकी प्रमुख — सदस्य

ङ. गाउपालिकामा कार्य क्षेत्र भएका सम्बन्धित संघ सस्थाबाट संयोजकले तोकेका २ जना प्रतिनिधि सदस्य

च. महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

(२) कामको आवश्यकता अनुसार अन्य पधाधिकारी , कर्मचारी संस्थाका प्रतिनिधि तथा सम्बन्धित वडाका प्रतिनिधिलाई आमन्त्रित सदस्य राख्न सकिने छ)

(३) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको वडा स्तरीय अनुगमन तथा निरीक्षण समिती

क. सम्बन्धित वडाको वडाअध्यक्ष - संयोजक

ख. आफ्नो वडा भित्रको वा नजिकको स्थानीय प्रहरी प्रमुख — सदस्य

ग. सम्बन्धित क्षेत्रमा क्रियाशिल संस्था/स्थानीय गै.स.स प्रतिनिधि/वडा स्तरिय बजार समिति सदस्यहरु

घ. महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट सम्बन्धित वडा हेर्ने कर्मचारी

ङ. सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

(४) अनुगमन तथा निरीक्षण समितीको रणनीति तथा कार्यनीति

क. संघ, प्रदेश र गाउपालिका स्तरमा नबाझिने खालको रणनीति तथा कार्य नीति निर्माण गर्ने ।

ख. प्रत्येक ३/३ महिनामा अनुगमन गरी अनुगमन मूल्याकन प्रतिवेदन तयार गर्ने ।

ग. सचेतनामूलक कार्य गर्ने साथै वडा र गाउपालिका स्तरमा उजुरी पेटिकाको समेत व्यवस्था गर्ने

घ. आवश्यक स्थानहरुमा उजुरी पेटिका राखी उजुरी संकलन गर्ने ।

ङ. श्रम ऐनको प्रभावकारी कार्यन्वयन भए नभएको नियमन गर्ने ।

च. सरकारी तथा गैससको साझेदारी संस्था कार्य सम्पादन गर्ने ।

छ. यस्ता क्षेत्रलाई सम्मानित र मर्यादित बनाउनको लागि समय समयमा सबैको सहभागिता हुने गरी गोष्ठी, सेमिनारको आयोजना गर्ने ।

ज. गाउपालिका वा वडाको अनुकुल हुने गरी कार्यविधि तय गर्ने ।

झ. गाउँपालिका मानव बेचविखन तथा ओसार पसार नियन्त्रण स्थानीय समिति तथा प्रत्येक वडामा मानव बेचविखन तथा ओसार पसार नियन्त्रण वडा समितिको गठन गरी बेचविखन तथा ओसार पसार विरुद्धका कार्यहरुका लागि क्रियाशिल रहने ।

ञ. स्थानीय बाल अधिकार समितिलाई बालबालिकाको बेचविखन तथा ओसार पसार नियन्त्रण तथा जोखिम अवस्थाका बालबालिकाहरुको समस्या समाधानका उपायहरु बारे अध्ययन अनुसन्धान गरी बाल संरक्षण प्रणालीलाई सुदृढ गर्ने दिशामा नीति तथा कार्यक्रमहरु निर्माण गर्ने बारेमा विशेषज्ञता प्राप्त निकायका रुपमा विकास गर्ने ।

ट. बेचविखन लगायत विभिन्न यौनजन्य हिंसा तथा शोषणबाट पिडित/प्रभावितहरुको स्थानीय र जिल्ला तहमा राहत, उद्दार, संरक्षण तथा पुनःस्थापनाका लागि कोष खडा गर्ने ।

ठ. बेचविखन लगायत विभिन्न यौनजन्य हिंसा तथा शोषणबाट पिडित/ प्रभावितहरुका लागी सीपमूलक तालिमको लागि पुनः स्थापना कोषको ब्यबस्था गर्ने । स्थापित पुनः स्थापना कोष परिचालन कार्यविधि निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

(५) सबै तहको अनुगमन तथा निरीक्षण समितीको काम, मर्तव्य र अधिकार

क. समितिको बैठक त्रैमासिक रुपमा बस्ने र आवश्यकता अनुसार छिट्टै पनि बस्न सकिने ।

ख. गाउँपालिका/वडा स्तर अनुगमन समितिको आचार संहिता तय गर्ने ।

ग. मनोरञ्जन क्षेत्रका श्रमिकको तथ्याँक/डाटा संकलन तथा भएको डाटा अध्यावधिक/अपडेट गर्ने र जोखिमयुक्त क्षेत्रहरुको लेखा जोखा राख्ने ।

घ. सञ्चालनमा रहेका सबै व्यवसायहरुको विवरण पालिका तथा वडामा सुचिकृतको लागि आह्वान गर्ने र व्यवसायमा संलग्न व्यक्तिहरुको व्यक्तिगत विवरण सहित तथ्याङ्क तयार पार्ने ।

ङ. प्रत्येक ३ महिनाको १ पटक गाउँपालिकामा रहेको सम्पूर्ण मनोरञ्जन क्षेत्रको अनुगमन गर्ने र आवश्यक परे पुन तत्काल अनुगमन गर्ने ।

च. अनुगमन योजना तथा चेकलिस्ट तयार गरी अनुगमनलाई कार्यन्वयनमा ल्याउने ।

छ. सम्बन्धित सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने र सरोकारवालाहरुवीच समन्वय र सहकार्य गर्ने।

ज. अनुगमनबाट आएका सवालहरुलाई तत्काल सम्बोधन गर्नेतर्फ ध्यान दिनुपर्ने ।

झ. जबरजस्ती काममा लगाइएको पाइएमा व्यक्तिको लिखित वा मौखिक उजुरी सहित सम्बन्धित व्यवसायीलाई कानूनी दायरामा ल्याउने ।

ञ. गाउँपालिकामा तय भएका मापदण्ड अनुरुप काम भए नभएको अनुगमन गर्ने ।

ट. उजुरी पेटिका राख्ने र दण्ड तथा जरिवानाको व्यवस्था गर्ने । प्राप्त उजुरी उपर छानविन गरी आवश्यक दण्ड सजाय गर्ने र थप जानकारी गर्नपर्ने भएमा सम्वन्धित निकायमा पेस गर्ने (अनुगमनको

क्रममा देखिएमा कमजोरीहरु सच्याउन तथा कारवाही एवं सजायको लागि सम्वन्धित न्यायलयमा सिफारिस)

ठ. आचार संहिता उल्लेख भएको बोर्ड प्रत्येक व्यवसाय अगाडी अनिवार्य रुपमा लगाउने ।

ड. अनुगमन नियमनको लागि आवश्यक वजेट र जनशक्तिको व्यवस्था गर्ने ।

ढ. अनुगमनको प्रतिवेदन जिल्ला समन्वय समिती/जिल्ला प्रशासन कार्यालय/कार्यपालिका समक्ष पेश गर्ने

ण. जिल्ला समन्वय समिती/जिल्ला प्रशासन कार्यालय/कार्यपालिकाबाट प्राप्त निर्देशनको पालना गर्ने र गराउने ।

त. आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा सम्वन्धित सरोकारवालाहरुसंग समन्वय गर्ने ।

थ. सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहयोग र समन्वयमा चेतनामूलक, विषयगत अभिमुखिकरण सहित विविध/अद्यावधिक कार्यक्रमहरु संचालन गर्ने ।बालश्रम न्युनिकरणको लागि स्थानीय बासिन्दालाई जागरुकगराउने । यसको लागि वडा र स्थानीय तहको सरकारले सामाजिक संघ सस्थाहरुको सहयोग लिने ।

द. बेचविखन लगायत विभिन्न यौनजन्य हिंसा तथा शोषणबाट पिडित/प्रभावितहरुको राहत, उद्दार, संरक्षण तथा पुनःस्थापनाका कार्यक्रमहरु संचालन गरी बैकल्पिक रोजगारीको व्यवस्था तथा आयआर्जनमा सहयोग गर्ने ।

ध. मानव बेचविखन तथा ओसार पसार नियन्त्रण सम्बन्धि स्थानीय ऐन निर्माण गरी कार्यान्वयनको पाटोमा नागरिकलाई दायित्व वहन गर्न जिम्मेवार बनाउने ।

न. बालबालिका र जोखिममा रहेका श्रमिकहरुको उद्धार गर्ने र जीवन उपयोगी सीप तालिमको व्यवस्था गरी पुनःस्थापना गर्ने ।

प. ब्यवसाय वा कार्यस्थलमा प्रवेश गर्दा आफ्नो परिचय देखाएर प्रवेश गर्ने ।

फ. कुनै रजिष्टर, हाजिरी, कागज वा अभिलेख जफत गर्दा वा नियन्त्रणमा लिंदा बुझिलिएको लिखित भर्पाई दिने ।

ब. व्यवसाय तथा कार्यस्थलको काममा बाधा नपर्ने गरी आफ्नो पदिय कर्तव्य पालना गर्ने ।

भ. निश्चित मापदण्ड अनुसार व्यवसाय संचालन गरेकालाई पुरस्कृत गर्ने

म. गाउँपालिका/वडा स्तरीय समितिसंग समन्वय गरी अनुगमनलाई प्रभावकारी बनाउने ।

(६) अनुगमन तथा निरीक्षण समितीको बैठक सम्वन्धि कार्यविधि

क. संयोजकले तोकेको समय, स्थान र मितिमा बैठक बस्ने ।

ख. बैठकको प्रस्तावना अगाडी दिनुपर्ने ।

ग. सबैको बिचारको सुनवाई र निर्णय प्रक्रियामा सहभागिता ।

घ. बैठकमा आचार संहिताको पालना हुनुपर्ने ।

ङ. खाजा यातायात र भत्ताको व्यवस्था ।

च. त्रैमासिक रुपमा एवं आवश्यकता अनुसार वैठक बस्ने ।

छ. आवश्यकता अनुसार विशेष वैठक बस्न सक्ने ।

ज. बैठकमा निस्किएको निष्कर्षलाई कार्यान्वयन गर्ने/गराउने ।

झ. कार्य सम्पादनको मूल्याङ्कन गर्ने ।

(७) उजुरी सम्बन्धी व्यवस्था

क. उजुरी तथा दण्ड सजायको व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

ख. वडा र पालिका स्तरमा उजुरी पेटिकाको समेत व्यवस्था गर्न सकिने (छानविनको समय एक हप्ताभित्र)

(८) अपेक्षित उपलब्धीहरु

क. गाउँपालिकाको मापदण्ड तयार भई कार्यान्वयनमा आएका र भएका नीति कार्यन्वयनमा सहयोग पुग्ने छ

ख. मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका व्यवसाय सरकारी निकायमा दर्ता भई सञ्चालित भएका ।

ग. व्यबसाय संचालक, ग्राहक र आम समुदाय श्रमिकप्रति सम्वेदनशिल हुने ।

घ. श्रमिकको पेशा मर्यादित बन्ने र पारिश्रमिकको सुनिश्चितता हुने ।

ङ. सेवा वा व्यवसायमा बालश्रम नभएको सुनिश्चित गर्न सकिने ।

च. श्रम ऐन कार्यान्वयन भएको हुने ।

छ. श्रमिकहरु श्रमप्रति इमान्दार हुनेछन र ब्यवसायी र श्रमिकहरुकोवीच दिगो सम्बन्ध बन्ने छ ।

ज. व्यवस्थित रुपमा पेशा व्यवसाय संचालन हुने ।

झ. नियम विपरित कार्य गरेको वा गराएको खण्डमा कानुनी दायरामा ल्याई दण्ड सजायको पहल गर्न सकिने

ञ. व्यवसाय सञ्चालनमा व्यवसायिहरु जिम्मेवार हुनेछन र नागरिक र राज्यविचको दूरी घटने छ ।

ट. मानव बेचविखन तथा ओसार पसार जस्ता अपराधहरु न्यूनिकरण हुने ।

ठ. यस क्षेत्रमाका गर्ने श्रमिकहरुको आत्म सम्मान र मर्यादा उच्च हुने ।

ड. तथ्याक संकलन गर्न र गाउँपालिकाभित्र व्यवसाय सञ्चालनको स्थिति पत्तालगाउन सजिलो हुने ।

ढ. सीप र दक्षता अनुसारको अवसर प्राप्त हुने ।

ण. कानुनाका बिषयमा सचेतना अभिवृद्धि भई राजस्वमा वृद्धि हुने ।

त. अनुगमन निरीक्षण समितिले व्यवसाय सञ्चालनमा कार्यविधि तयार गर्ने छ ।

थ. कार्यविधि बनाए पश्चात सबै क्षेत्रमा जानकारीको लागि अभिमुखिकरण गर्न सक्ने छ ।

## परिच्छेद ४ : विविध

### अनुगमन तथा निरीक्षण समितिको कार्यक्रम तथा बजेट सम्वन्धि व्यवस्था,

६. गाउपालिकाले अनुगमन गर्दा लाग्ने स्रोतको व्यवस्था बार्षिक कार्यक्रममा पेश गरी पास गराउनु पर्ने ।

७. स्थानीय तहले सम्वन्धित संघ संस्थाहरुसंग समन्वय सहकार्य गरी अनुगमन र कार्यक्रम संचालन गरिनु पर्ने ।

८. अनुगमनको प्रतिवेदन तयार गरि सम्वन्धित निकायमा पेश गर्ने ।

९. यो निर्देशिका संशोधन गर्नुपर्ने भएमा समितिले संशोधनको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्न सक्नेछ । प्राप्त हुन आएको संशोधन प्रस्ताव कार्यपालिकाबाट निर्णय भएपछि लागू हुनेछ ।

१०. यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ आईपरेमा त्यस्तो वाधा अड्काउ फुकाउन समितिले गाउपालिका समक्ष सिफारिस गर्नेछ । उक्त सिफारिस बमोजिम गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।आदेश पश्चात लगत्तै बस्ने कार्यपालिकाको वैठकबाट अनुमोदन हुन नसकेमा उक्त आदेश स्वतःनिष्कृय हुनेछ ।

११. यो निर्देशिकामा लेखिएको हकमा यसै अनुसार हुने र यसमा उल्लेख नभएको कुरामा प्रचलित कानुन अनुसार हुनेछ ।

## अनुसुची १ : अनुगमन तथा निरीक्षण सम्बन्धी चेकलिष्टको/अनुगमनको कार्यविधि तयार गर्ने अनुगमनको पूर्व तयारी र अनुगमन गर्दाको प्रक्रिया

१ मिति र अनुगमन क्षेत्र/स्थान निर्धारण, प्रश्नावली तयार गर्ने (मापदण्डमा उल्लेख भए अनुसार जस्तै संचालकको आधिकारिक नाम थर ठेगाना, श्रमिकहरुको परिचयपत्र, नियुक्तिपत्र, जन्मदर्ता, नागरिकता प्रभाण पत्र, श्रमिकको संख्या तथा निजको विवरण, व्यवसाय वा कार्यस्थलको वातावरण, संचालकको व्यवसाय दर्ता प्रमाणपत्र, नविकरण र सूचिकृत, प्यान नं, भ्याट दर्ता, व्यवसायको प्रकृति– सेवा सुविधाको आधारमा, काम गर्ने समय र खोल्ने वन्द गर्ने समय आदि) ।

२ अनुगमन तथा निरीक्षण समितिका सदस्यहरुलाई जानकारी/पत्राचार गर्ने ।

३ सदस्यहरुलाई अभिमुखिकरण र कामको बाँडफाड ।

४ आवश्यक सुरक्षा प्रबन्ध/सुरक्षाको प्रत्याभूति र समयको पालना ।

५ गोपनियताको सुनिश्चितता– अनुगमन गर्दा प्राप्त गरेको सुचना, जानकारी वा तथ्यांक कानुन वमाजिम वाहेक गोप्य राख्नुपर्ने ।

६ आचार संहिताको पालना

७ उद्धार पश्चात पुनःस्थापनाको व्यवस्थापन ।

८ प्राथमिक उपचारको तयारी ।

९ परामर्शकर्ताको व्यवस्था ।

१० सामान्य खाद्यान्नको व्यवस्था ।

११ दोभाषेको व्यवस्था (आवशयक्ता परेमा) ।

१२ अनुगमन क्रममा व्यवसाय वा कार्यस्थलमा प्रवेश गर्दा परिचयपत्र तथा तोकिएको पोशाकको प्रयोग गर्ने

१३ कसूर सम्वन्धि चेतावनी, सजाय, दण्ड वा जरिवानाको व्यवस्था – प्रचलित कानुन वा सम्वन्धित कानुनमा व्यवस्था भएमा सोही बमोजिम र न्यायको हकमा छुट्टै व्यवस्था गरी चेतावनी, सजायवा दण्डको व्यवस्था गर्नु पर्ने ।

१४ प्रतिवेदन पेश गर्ने (अनुगमनको सिलशिलामा देखा परेका सम्पूर्ण क्रियाकलापहरुको) ।

१५ प्रचलित कानुन बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

## अनुसुची २ : मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको क्षेत्रको अनुगमन तथा निरीक्षण कार्यक्रमको नमुना फारम

मिति :

स्थान :

व्यवसायीको नाम र सम्पर्क नम्बर :

सूचना प्रदान गर्ने व्यक्तिको विवरण :

जम्मा कार्यरत कर्मचारीहरु : महिला : पुरुष : १८ वर्ष मुनिका :

| क्र.सं | बिबरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसाय सरकारी निकायमा दर्ता गरिएको छ वा छैन ? | | | |
| २ | व्यवसाय नबिकरण गरिएको छ वा छैन ? | | | |
| ३ | व्यवसायीले व्यवसायमा संलग्न श्रमजीवि महिला एवं पुरुषको नाम, थर, वतन सहितको वैयक्तिक विवरणको लगत तयार गरेर राखेको छ वा छैन ? | | | |
| ४ | व्यवसाय सञ्चालन समयमा नेपाल सरकारले तोके बमोजिम सञ्चालन गरिएको छ वा छैन ? | | | |
| ५ | श्रमजीविहरुलाई कार्य समाप्त पश्चात् सुरक्षित रुपमा वासस्थानसम्म पु¥याउने प्रवन्ध छ वा छैन ? | | | |
| ६ | नेपाल सरकारद्वारा निर्धारित न्यूनतम पारिश्रमिक दिने गरेको छ वा छैन ? | | | |
| ७ | १८ बर्ष मुनिका बालबालिकाको प्रयोग गरिएको छ वा छैन ? | | | |
| ८ | कर्मचारीलाई नियुक्ति वा करार नामा पत्रको व्यवस्था गरिएको छ वा छैन ? | | | |
| ९ | कर्मचारीलाई परिचय पत्रको व्यवस्था गरिएको छ वा छैन ? | | | |
| १० | मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा प्रवेश गर्ना साथ सबैले देख्न सक्ने ठाउँमा आचार संहिता राखेको छ वा छैन ? | | | |
| ११ | काम गर्ने महिलाहरुलाई मार्यादित व्यवहार गरिएको छ वा छैन ? | | | |
| १२ | उत्तेजक पोशाक लगाई नृत्य गर्न गीत गाँउन बाध्य पारिएको छ वा छैन ? | | | |
| १३ | सेवाग्राहीसँग बसी मदिरा, धुम्रपान लगायतका लागु पदार्थ सेवन गर्न लगाएको छ वा छैन ? | | | |
| १४ | ड्रेस चेन्ज गर्ने कोठामा सि.सि क्यामारा राखिएको छ वा छैन ? | | | |

अवस्था विश्लेषण (भौतिक पुर्वाधार ) : ...................................

२. कानुनी कागज पत्रको उपलब्धता : ...................................

३. सञ्चाल गर्ने तरिका : .................................

४. सञ्चालकको थप प्रतिक्रिया : ...................................

## अनुसुची ३ :अनुगमनमा सहभागिहरुको नमुना बिवरण फारम :

| क.सं | नाम थर | कार्यालय / पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| . | | | | |
| . | | | | |
| . | | | | |

अनुगमन टोलीको निष्कर्ष/सुझावहरु :
टोली प्रमुखको हस्ताक्षर :
मिति :

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. १०/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१